# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३] काठमाडौं, माघ ८ गते २०३० साल [संख्या ४०

श्री ५ को सरकार

### स्वास्थ्य मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सर्लाही अस्पतालको विस्तारको निमित्त जनकपुर अञ्चल, सर्लाही जिल्ला, विष्णुपुर गाउँ पञ्चायत वडा नं. ८ अन्तर्गतको निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व कृष्णबहादुर श्रेष्ठ र हस्तबहादुर रायमाझीको घर, पश्चिम किसोरीप्रसाद र बेदकुमारीको घर, उत्तर सर्लाही अस्पतालको कम्पाउण्ड, दक्षिण तुल्मराज उपाध्यायको घर यति चार किल्लाभित्रको कित्ता नं. नखुलेको मालपोत रू. १६।- (सोह्र रुपैयाँ) लाग्ने जम्मा जग्गा बिगाहा ०-७-४ (सात कट्ठा चार धुर) को जग्गा कित्ता -----१

आज्ञाले-
हरिहरजंग थापा
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।